# बेनीघाट रोराङ गाउँपालिका

# :yfgLo /fhkq

खण्ड – ८ संख्या – ५ मितिः १६ पौष २०८१

## efu - !

## शैक्षिक उत्थान कोष व्यवस्थापन ऐन, २०८१

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

**बेनीघाट रोराङ गाउँपालिका**

:yfgLo /fhkq

**खण्ड – ८** **संख्या – ५** **मितिः १६ पौष २०८१**

# शैक्षिक उत्थान कोष व्यवस्थापन ऐन, २०८१

*गाउँसभाद्वार स्वीकृत मितिः २०८१।०९।०८*

*प्रमाणिकरण मितिः २०८१।०९।१६*

<u>प्रस्तावनाः</u> संविधान प्रदत्त स्थानीय तहको अधिकार सूचीमा रहेको आधारभूत तथा माध्यमिक शिक्षालाई अनिवार्य, निःशुल्क र गुणस्तरीय बनाउन, उपलब्ध सीमित श्रोत साधनलाई मितब्ययी, प्रभावकारी र परिणाममुखी तवरले परिचालन गर्न, शिक्षा प्रेमी आम जनसमुदाय समेतको लागत साझेदारी, अपनत्व तथा सहभागिता जुटाई शैक्षिक उत्थान कोष स्थापना गरी शैक्षिक क्षेत्रमा लगानीको श्रोत अभिवृद्धि मार्फत् गाउँपालिकाको शैक्षिक उत्थानलाई एक विशिष्ट एवम् साझा सामाजिक अभियानको रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) बमोजिम बेनीघाट रोराङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम “शैक्षिक उत्थान कोष व्यवस्थापन ऐन, २०८१" रहेको छ।

(२) यस ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **"कोष"** भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्छ।

(ख) **"गाउँपालिका"** भन्नाले बेनीघाट रोराङ गाँउपालिका सम्झनु पर्छ।

(ग) **"समिति"** भन्नाले दफा ११ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(घ) **"सहयोग"** भन्नाले सरकारी, गैर सरकारी संघ संस्था, व्यक्ति आदिबाट यस कोषलाई प्राप्त दान वा सहयोग रकम वा जिन्सीलाई सम्झनु पर्छ ।

(ङ) **"विशेष संरक्षणको आवश्यकता भएका बालबालिका"** भन्नाले प्रचलित कानुन बमोजिम प्रमाणित भएका बालबालिकालाई सम्झनुपर्छ।

(च) **"सामाजिक संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यसै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ।

(छ) **"निजी संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यसै प्रकृतिका अन्य कम्पनी समेतलाई जनाउछ,

(ज) **"वस्तुगत सहायता"** भन्नाले दाताबाट प्राप्त शैक्षिक सामाग्री, बालबालिकाको लागि लत्ता कपडा, खेलकुद सामाग्री र यसै प्रकृतिको अन्य सामाग्री एवम् जिन्सी सहायतालाई जनाउँछ,

(झ) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई बुझाउँदछ,

(ञ) **"गाउँसभा"** भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको गाउँसभालाई जनाउनेछ ।

## <u>परिच्छेद-२</u>

## <u>कोषको स्थापना, उद्देश्य तथा प्रयोग</u>

३. <u>**कोषको स्थापनाः**</u> (१) शैक्षिक क्षेत्रमा विद्यमान असमानता तथा विभेदको अन्त्य गर्दै गुणस्तरीय शिक्षामा समतामुलक पहुँच स्थापित गर्न, शैक्षिक लगानीको लागि आवश्यक अतिरिक्त स्रोतको व्यवस्थापन तथा परिचालन गर्न गाउँपालिकामा एक शैक्षिक उत्थान कोष रहनेछ। उक्त कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

(क) गाउँपालिकाको वार्षिक बजेटमार्फत् शैक्षिक व्यवस्थापन कोषमा जम्मा हुने गरी स्वीकृत रकम,

(ख) शैक्षिक व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुने गरी अन्य स्थानीय तहबाट प्राप्त रकम,

(ग) शैक्षिक व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुने गरी प्रदेश सरकार तथा नेपाल सरकारबाट प्राप्त रकम,

(घ) गाउँसभा सदस्य, गाउँ कार्यपालिका सदस्य तथा गाउँपालिका कर्मचारीहरूको स्वेच्छिक निर्णयबाट प्राप्त हुने रकम,

(ङ) स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरू, उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा परोपकारी संघसंस्था, धार्मिक समुदाय, धार्मिक अनुष्ठानबाट शिक्षक र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा प्राप्त हुने दान, दातब्य वा उपहार स्वरुप प्राप्त रकम,

(च) गैरआवासीय नेपाली, वैदेशिक सरकार तथा संघसंस्थाको तर्फबाट प्रचलित कानूनको अधिनमा रही प्राप्त हुने रकम,

(छ) कोषको खाता सञ्चालनमा रहेको वित्तीय संस्थाले त्यस्तो कोषमा रहेको रकममा उपलब्ध गराएको ब्याज आय,

(ज) मुद्धति खातामा राखिएको कोषको रकम वापत सम्बन्धित बैङ्कले उपलब्ध गराएको व्याज आय,

(झ) प्रचलित कानूनको अधिनमा रही कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि नेपाल राष्ट्र बैङ्कबाट इजाजतप्राप्त "क" वर्गको बैङ्कमा एक छुट्टै खाता खोल्नुपर्नेछ।

(३) कोषको रकम परिचालन भइनसकेको अवधिको लागि उपदफा (२) मा उल्लिखित खाता बाहेक मुद्धति खातामा रकम निक्षेप गर्ने गरी "क" वर्गको बैङ्क तथा वित्तिय संस्थामा छुट्टै खाता खोल्न बाधा पर्ने छैन।

(४) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले उपदफा (२) बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गरिदिन वा कोषमा नगदै जम्मा गर्न सक्नेछ। त्यसरी नगद जम्मा हुन आएमा सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भरपाई अनिवार्य उपलब्ध गराउनुपर्नेछ ।

(५) कोषको कूल आम्दानी अन्तर्गत यस ऐनको दफा (२) बमोजिम कोषमा जम्मा हुने गरी प्राप्त भएको रकम तथा कोषको खाता रहेको वित्तीय संस्थाले कोष रकममा उपलब्ध गराएको ब्याज आय समेतलाई जनाउँनेछ।

४. **<u>कोषमा रकम जम्मा गर्न सकिने:</u>** (१) कोषमा रकम जम्मा गर्दा चेक, ड्राफ्ट वा विद्युतीय माध्यमबाट जम्मा गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएतापनि कुनै पनि व्यक्तिले कोषमा जम्मा हुने गरी नगदै पनि बुझाउन सक्नेछ ।यसरी नगद रकम प्राप्त हुन आएमा सो रकम बुझिलिई सोही दिन वा भोलिपल्ट कोषको नाममा रहेको बैंक खातामा जम्मा गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम चेक, ड्राफ्ट वा विद्युतीय माध्यम र नगदबाट जम्मा भएको रकमको प्रमाण राखी कोषको खातामा आम्दानी बाँध्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम कोषमा रकम जम्मा गर्ने योगदानकर्ता व्यक्ति संस्था वा निकायलाई रकम बुझिलिएको भरपाई लिनु/दिनुपर्नेछ।

५. **<u>कोषको लक्ष्य तथा उद्देश्य:</u>** (१) शैक्षिक उत्थान सम्बन्धमा अतिरिक्त स्रोतको परिचालन तथा व्यवस्थापन गरी तपसिल बमोजिमका अल्पकालीन र दीर्घकालीन उद्देश्य हाँसिल गर्नु कोषको लक्ष्य रहनेछ ।

(क) सामुदायिक विद्यालयको सबलीकरण मार्फत् गुणस्तरीय शिक्षामा सबैको समतामुलक पहुँच स्थापित गर्न।

(ख) आमा बाबु नभएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लालन पालन, पोषण र शिक्षा दीक्षा सुनिश्चित गर्न,

(ग) विपन्न, दलित, सीमान्तकृत चेपाङ समुदायको आर्थिक सामाजिक रुपान्तरण गर्ने। गरिबी र बञ्चितिकरणको पुस्तान्तरण चक्रलाई तोड्न। सामाजिक सचेतनाको स्तरलाई माथि उकास्न,

(घ) बालबालिकाको खाद्य सुरक्षाको हक सुनिश्चित गर्ने। विद्यालय छोड्ने दरलाई कटौती गर्ने। बाल अधिकारको संरक्षण गर्ने,

(ङ) गाउँपालिकामा आवश्यकतानुसार आवासीय विद्यालयको सञ्चालन, व्यवस्थापन तथा विस्तार गर्ने,

(च) निःशुल्क तथा अनिवार्य शिक्षाको अवधारणालाई कार्यान्वयन गर्ने,

(छ) बेनीघाट रोराङ गाउँपालिकाको समग्र शैक्षिक उत्थान गर्ने।

६. **<u>कोषको प्रयोगः</u>** (१) कोषमा जम्मा भएको रकम खर्च निकासा गर्न समितिले निर्णय गर्नुपर्नेछ। यस्तो कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गरिनेछः-

(क) गाउँपालिकाको आवासीय विद्यालय सञ्चालनका लागि हुने जनशक्ति खाद्यान्न लगायतको चालु प्रकृतिको कार्य गर्ने,

(ख) भौतिक पूर्वाधार जीर्ण अवस्थामा रहेका विद्यालयको पूर्वाधारजन्य तथा पुँजीगत प्रकृतिका कार्य गर्ने,

(ग) विद्यालयको सबलीकरणको लागि शौचालय, खानेपानी, घेराबार, छाना मर्मत जस्ता अत्यावश्यक साना भौतिक पूर्वाधार तथा मर्मत सम्भार सम्बन्धी कार्य गर्ने,

(घ) अति विपन्न, दलित, सीमान्तकृत समुदायका बालबालिका लक्षित विद्यालय खाना तथा दिवा खाजाका लागि विद्यालयलाई अनुदान प्रदान गर्ने,

(ङ) गाउँपालिकाले अवलम्बन गरेका शैक्षिक नीति, प्राथमिकता तथा कार्यक्रममा अतिरिक्त स्रोत परिचालन गर्ने,

(च) थप स्रोत सङ्कलनको लागि आयोजना गरिने विविध कार्यक्रमको लागि हुने व्यवस्थापकीय कार्यमा खर्च गर्ने,

(छ) गाउँपालिकाको शैक्षिक उत्थानको लागि सञ्चालक समितिद्वारा वार्षिक कार्य योजनामा निर्धारण गरिएका अन्य कार्यक्रम, क्रियाकलाप तथा गतिविधिहरु सञ्चालन गर्ने ।

७. **<u>कोष प्रयोग गर्न नपाईनेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः-

(क) गाउँपालिकाको प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) विद्यालय बाहिरका कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) अतिरिक्त शिक्षक करारमा नियुक्त गरी तलब भत्ता उपलब्ध गराउन,

(घ) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई बैठक भत्ता, भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(च) कुनै पनि किसिमको गोष्ठी, अन्तरक्रिया वा सभा-सम्मेलन सञ्चालन गर्न/गराउन,

(छ) सञ्चालक समितिको बैठक भत्ता एवम् अतिरिक्त सुविधा उपलब्ध गराउन,

(ज) कोषलाई प्राप्त भएको वस्तुगत सहायता सामाग्री मध्यै कुनै पनि सामाग्री पूर्ण वा आंशिकरूपमा गाउँपालिका वा गाँउपालिकाको कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।

## परिच्छेद- ३

## कोषको सञ्चालन, लेखा तथा लेखा परीक्षण

८. **कोषको सञ्चालन** : (१) कोषको बैंक खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख वा लेखा हेर्ने वरिष्ठ कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

(२) कोषको आर्थिक नियन्त्रण प्रमुख प्रशासकीय अधिकृतमा रहनेछ।

(३) कोषबाट एक पटकमा दुई हजार रूपैया भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रूपमा बैंक मार्फत मात्र भुक्तानी गरिनेछ ।

(४) कोषद्वारा सञ्चालित कार्यक्रम तथा क्रियाकलापको सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी कार्य प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको शाखा वा कर्मचारीले गर्नुपर्नेछ ।

कोषलाई प्राप्त शैक्षिक वस्तुगत सहायता सामाग्रीको निकासा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँ शिक्षा अधिकारीबाट हुनेछ ।

(५) उपदफा (४) बमोजिम शैक्षिक वस्तुगत सहायता सामाग्री विपद् व्यवस्थापन कार्यमा उपयोगका लागि निकासा गर्दा मौज्दात किताबमा खर्च अभिलेख जनाई निकासा दिनुपर्नेछ र त्यस्तो सामाग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रूपमा समेत अभिलेख गरिनेछ ।

९. **कोषको आयव्ययको लेखा तथा सोको सार्वजनिकरण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ।

(२) कोषको गाँउपालिकाले तोकीए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ,

(३) कोषको मासिक रूपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको दश गते भित्रमा सार्वजनिक गर्नुपर्नेछ,

(४) कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रगति प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत् गाउँ सभा समक्ष छलफल तथा अनुमोदनको लागि पेश गर्नुपर्नेछ,

(५) उपदफा (४) बमोजिम सभामा अनुमोदनको लागि पेश गर्नुपूर्व सरोकारवाला सबैलाई सार्वजनिक सूचना मार्फत् जानकारी गराई वार्षिक आय ब्यय तथा प्रगति विवरण उपर सार्वजनिक सुनुवाई गर्नुपर्नेछ।

(६) कोष स्थापना तथा कोष अभिवृद्धिका लागि सञ्चालित कार्यक्रममा भएको प्रशासनिक एवम् व्यवस्थापकीय खर्च बाहेकको रकममात्र कोषमा आम्दानी बाँधिनेछ।यस प्रकृतिको कार्यक्रममा भएको आय र व्ययको सम्पूर्ण विवरण कार्यक्रम सम्पन्न भएको मितिले सात दिनभित्र सञ्चालक समितिले सार्वजनिक गर्नुपर्नेछ।

१०. **लेखा परीक्षण** : कोषको लेखा परीक्षण प्रचलित कानुनले तोके बमोजिम गर्नुपर्नेछ।

## परिच्छेद- ४

## शैक्षिक कोष सञ्चालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

११. **शैक्षिक कोष सञ्चालक समितिको गठनः** (१) कोषलाई पारदर्शी ढंगले सञ्चालन सञ्चालन गर्नको लागि गाउँपालिकामा एक शैक्षिक कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - उपाध्यक्ष

(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँ शिक्षा समिति, माध्यमिक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघको अध्यक्ष, शिक्षा प्रेमी, बुद्धिजीवि वा समाजसेवीहरु मध्येबाट सञ्चालक समितिले मनोनित गरेको एक जना - सदस्य

(ङ) अल्पसंख्यक, सीमान्तकृत, जनजाति, दलित, समुदायको प्रतिनिधित्व गर्ने गरी सञ्चालक समितिले मनोनयन गरेको एक जना - सदस्य

(च) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

(छ) स्वास्थ्य आमा समूह, महिला समूहबाट अध्यक्षद्वारा मनोनित महिला एक जना - सदस्य

(ज) गाउँपालिकाका प्रशासन, आर्थिक प्रशासन, पूर्वाधार विकास वा स्वास्थ्य शाखा प्रमुमखहरु मध्येबाट अध्यक्षद्वारा मनोनित एक जना - सदस्य

(झ) गाउँपालिकाका शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(३) यस कोषका संस्थापक अध्यक्ष कोष रहेसम्मको लागि आजीवन संरक्षकको रुपमा सञ्चालक समितिको पदेन सदस्य रहनेछन् ।

१२. **कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ११ बमोजिम गठित समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषको मितव्ययी, पारदर्शी र प्रभावकारी परिचालन तथा व्यवस्थापन गर्ने।

(ख) कोष स्थापनाको लक्ष्य एवम् उद्देश्य अनुरुप दीर्घकालीन रणनीतिहरु निर्माण एवम् नीतिगत प्राथमिकता तय गरी आवधिक योजना, वार्षिक बजेट तथा कार्यक्रम र कार्य योजना तर्जुमा गरी गाउँसभामा अनुमोदनको लागि पेश गर्ने,

(ग) गाउँसभाबाट स्वीकृत कार्यक्रम प्रचलित कानुन, खर्चका मापदण्ड बमोजिम सञ्चालन तथा व्यवस्थापन गर्ने,

(घ) सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यकतानुसार सुधारात्मक उपाय अवलम्बन गर्ने,

(ङ) समितिको कामकारवाही सम्बन्धी प्रगति विवरण सार्वजनिक गर्ने र प्रगति प्रतिवेदन गाउँसभामा अनुमोदनको लागि पेश गर्ने,

(च) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ। बैठक सम्बन्धी कार्यविधि समिति आफैंले व्यवस्थित गर्न सक्नेछ। समितिले बैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ,

(छ) समितिले कोष सञ्चालन सम्बन्धमा आवश्यक सल्लाह र मार्गदर्शनका लागि बेनीघाट रोराङ गाउँपालिकाका पूर्व जनप्रतिनिधी, बुद्धिजिबी, गाउँपालिका स्तरीय राजनैतिक दलका प्रमुखहरु, शिक्षकका पेशागत संघसंगठनका प्रमुखहरु सम्मिलित एक सल्लाहाकार समिति गठन गर्न सक्नेछ।

## परिच्छेद –४

## विविध

१३. **अभिलेख राख्ने** : (१) समितिले कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य सचिवको जिम्मामा रहनेछ।

(३) दफा (१) बमोजिमको अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराउन सकिनेछ।

१४. **नियम बनाउने अधिकार:** यस कोष स्थापनाको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियमहरु बनाउन सक्नेछ।

**आज्ञाले**
**नर्बदा घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**